http://www.ird.gov.np

# कर बुलेटिन
*Tax Bulletin*

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क ५-७, २०७५ भाद्र-कात्तिक    Year 6, Issue 5-7, Sept-Nov. 2018

## महानिर्देशक र कार्यालय प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता सम्पन्न

आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र आन्तरिक राजस्व कार्यालयका प्रमुखहरूबीच चालू आ.व.मा गर्नुपर्ने कार्यहरूको कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । मिति २०७५।०७।११ मा विभागको सभाहलमा आयोजित कार्यक्रमका बीच उक्त सम्झौता भएको हो ।

सम्झौतामा कार्यालयहरूले सम्पादन गर्ने कार्यहरूलाई वार्षिक रूपमा उल्लेख गरिएको छ । वार्षिक लक्ष्यलाई कार्यालयहरूले मासिक रूपमा विभाजन गरी लक्ष्य हासिल गर्नुपर्ने सम्झौतामा उल्लेख छ । सम्झौतामा ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयले आयकर र मू.अ.करको Non Filer १ प्रतिशतभन्दा कम रहने गरी कार्य गर्नुपर्ने, मू.अ.करको डेबिट

बाँकी पृष्ठ ४ मा

## मध्यमस्तरीय करदाता कार्यालयको उद्घाटन



दिप प्रज्वलन गरी कार्यालय उद्घाटन गर्नुहुदैं मा. अर्थ मन्त्री डा. युवराज खतिवडा

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०३।२० को निर्णयानुसार स्थापना भएको मध्यमस्तरीय करदाता कार्यालय बबरमहलको मिति २०७५ साल आश्विन १ गते मा. अर्थमन्त्री डा. युवराज खतिवडाले पानसमा दीप प्रज्वलन तथा ताम्रपत्र अनावरण गरी उद्घाटन गर्नुभयो ।

मा. अर्थमन्त्री डा. युवराज खतिवडाको प्रमुख आतिथ्य तथा सचिव (राजस्व) शिशिर कुमार ढुङ्गानाले सभापतित्व गर्नुभएको उक्त उद्घाटन कार्यक्रममा अर्थ सचिव डा. राजन खनाल, आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल, काठमाडौंमा अवस्थित आन्तरिक राजस्व कार्यालयका प्रमुखहरु, चेम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ र नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरु, पत्रकार लगायत अन्य आमन्त्रित महानुभावहरुको उपस्थिति थियो ।

कार्यक्रममा उपस्थित अतिथिहरुलाई स्वागत गर्दै आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कर संरचनामा सुधार गर्ने क्रममा विगतमा विज्ञ समूह सहितको ठूला करदाता

बाँकी पृष्ठ ५ मा....

### यसभित्र

कर परीक्षण तथा अनुसन्धान सम्बन्धी तालिम सम्पन्न — पृष्ठ ४

कर व्यवस्थापन समुह (TMT) का बैठकहरु सम्पन्न — पृष्ठ १०

आन्तरिक राजस्व विभागको Taxpayer Portal बाट विद्युतीय माध्यमबाट राजस्व दाखिला एक जानकारी — पृष्ठ १२

# महानिर्देशकको सन्देश



**अर्थतन्त्रलाई गतिशिल बनाउनको लागि आवश्यक पूंजीको परिचालन गर्न सबैले आ-आफ्नो स्थानबाट योगदान गरी राष्ट्रलाई समृद्धिको दिशामा अग्रसर गराउने कार्यमा समर्पित हुने अवसरको रुपमा लिनुपर्ने समय आएको छ ।**

राजस्व प्रशासनको दशकौं लामो यात्रामा विभागले धेरै आरोह अवरोधहरु पार गर्दै आएको छ । यो अनवरत यात्रामा व्यवसायिक रुपमा कार्य सञ्चालन गर्ने उद्देश्यले सुरु गरिएका सुधारका प्रयासहरु निरन्तर छन् । सूचना प्रविधिको प्रयोगले विश्वका जुनसुकै देशबाट सहजै रुपमा सूचनाहरु प्राप्त गर्न सकिएको छ । विगतमा कागजी प्रक्रियामा मात्र आधारित राजस्व प्रशासन पनि हाल Digital प्रणालीको माध्यमबाट Paperless हुने अभियानमा धेरै अगाडि बढेको छ । सुधारका चरणहरुलाई अझ परिष्कृत गरी कर प्रशासनमा संलग्न जनशक्तिको व्यवसायिक दक्षता अनुसार नतिजा हासिल गर्ने र करदातालाई शीघ्र सेवा प्रवाह गर्ने कार्यमा दत्तचित्त भई विकासको साधनको रुपमा आवश्यक पर्ने वित्तीय श्रोतको परिचालनको कार्यमा निर्धारण भएको लक्ष्य प्राप्तिका लागि हरेक तह र वर्गमा रहेका जनशक्तिको सक्रियता बढाउने अभिप्रायले आन्तरिक राजस्व विभागले हालै संगठनात्मक संरचनामा हेरफेर गरी नयां कार्यालयहरु स्थापना गरी कार्य सुचारु गरेको कुरा म आम करदाता र सरोकारवाला सबैमा जानकारी गराउन चाहन्छु । संरचनात्मक सुधार र नयां कार्यालयहरुको स्थापनाले कर प्रशासनले प्रदान गर्ने सेवाहरु करदाताको घरदैलोसम्म पुगी सेवाप्रवाहमा सवै करदाताहरुको सहज पहुंच स्थापना हुने र करदाताको कर लागत र समय समेत घट्ने कुरामा म विश्वस्त छु ।

मुलुकमा लामो समयसम्म संक्रमणकाल कायम रहेकोले अर्थतन्त्रले समेत अपेक्षित रुपमा गति लिन सकेन । अब मुलुकले एकातर्फ आर्थिक क्रियाकलाप केन्द्रीत लगानी बढाउनु पर्नेछ भने अर्कोतर्फ सामाजिक रुपले पछाडि परेका, सीमान्तकृत, अल्पसंख्यक र कमजोर एवं असहायहरुका लागि ठूलो मात्रामा सरकारी लगानी बढाई सामाजिक सुरक्षा र सामाजिक न्याय कायम गर्ने दिशामा खर्च केन्द्रित गर्नुपर्ने छ ।

अर्थतन्त्रलाई गतिशिल बनाउनको लागि आवश्यक पूंजीको परिचालन गर्न सबैले आ-आफ्नो स्थानबाट योगदान गरी राष्ट्रलाई समृद्धिको दिशामा अग्रसर गराउने कार्यमा समर्पित हुने अवसरको रुपमा लिनुपर्ने समय आएको छ । हामी अहिले यस वर्षको राजस्वको लक्ष्य प्राप्तिका लागि केही दवावको अवस्थावाट अगाडि बढिरहेको अवस्था छ । राजस्वको लक्ष्य हासिल हुन सकेन भने मुलुकको विकास निर्माण लगायत अन्य भौतिक एवं सामाजिक क्रियाकलापहरुमा समेत प्रतिकूल प्रभाव पार्दछ । जसले गर्दा हाम्रो समृद्धि तर्फको यात्रामा समेत असर पर्न सक्ने हुंदा यस्तो अवस्था सृजना हुन नदिन सवै तह तप्काका वर्ग एवं क्षेत्रको महत्वपूर्ण भूमिका जरुरी छ ।

यस अवसरमा मुलुकको समृद्धिको अग्रगामी यात्रामा सहयोग र सहकार्य गर्नका लागि सरोकारवाला सबैले कर्तव्य बोध गरी आफ्नो दायित्व अनुसारको योगदान गर्न विशेष आव्हान समेत गर्दछु। कर प्रशासनको नेतृत्व गरेको नाताले कर प्रशासनमा संलग्न जनशक्तिहरुलाई सदाचार एवं उच्च मनोवलका साथ व्यावसयिक तवरले आफूलाई तोकिएको कार्यहरु सम्पादन गर्न निर्देश गर्दछु। साथै कर प्रशासनले आगामी दिनमा करदातामैत्री व्यवहारमार्फत स्वस्च्छ, निष्पक्ष, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गर्नेछ भन्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, समृद्धिको दिशामा अग्रसर भएको मुलुकलाई हामी सबैले आ-आफ्नो ठाउँबाट तोकिएको जिम्मेवारी वहन गर्न म कर परिवारका सम्पूर्ण सदस्य कर्मचारीहरु, करदाता एवं अन्य सरोकारवाला सबैसंग अनुरोध गर्न चाहन्छु ।

धन्यवाद ।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, मंसिर**

# करदाता सेवा कार्यालय खाँदबारी उद्घाटन

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट करदाता सेवा कार्यालय, खाँदबारीको मिति २०७५।७।१८ मा दीप प्रज्वलन एवं ताम्रपत्र अनावरण गरी उद्घाटन सम्पन्न भयो । समारोहलाई सम्बोधन गर्दै मन्त्री खतिवडाले सरकारको नीति करको दर भन्दा दायरा बढाउँदै जाने रहेको र स्थानीय स्तरमा कार्यालय खुलेपछि करदातालाई कर तिर्न सुविधा हुने हुनाले कर सहभागिता समेत बढ्ने विश्वास गर्नुभयो । कार्यक्रममा संघीय सांसद माननीय राजेश गौतम, प्रदेश सभा सदस्यहरु माननीय तुलसी प्रसाद न्यौपाने र माननीय पूर्ण प्रसाद राई एवं जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्य र खाँदबारी नगरपालिकाका प्रमुख मुरारी प्रसाद खतिवडाले उद्घाटन समारोहमा मन्तव्य व्यक्त गर्नुभयो । मन्तव्यका क्रममा संखुवसभा उद्योग वाणिज्य संघका अध्यक्ष युवराज शाक्यले जिल्लाका केही गाउँपालिकाहरु र नगरपालिकाका करदाताहरु अफै धरान कार्यालयको कार्यक्षेत्रमा परेकोले खाँदबारीकै कार्यालयमा सारिदिन र राजस्व रकम जुनसुकै बैंकमा दाखिला गर्न मिल्ने गरिदिन आग्रह गर्नुभयो ।



**पानसमा वत्ती बालेर उद्घाटन गर्नुहुदै माननीय अर्थमन्त्री**

आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कार्यक्रममा समापन मन्तव्य दिनुभएको थियो । आन्तरिक राजस्व कार्यालय, धरानका कार्यालय प्रमुख देव नारायण पौडेलले मन्तव्यबाट सहभागीहरुलाई स्वागत मन्तव्य दिनु भएको थियो भने कार्यक्रमको संचालन कर अधिकृत रमेश कार्कीले गर्नुभएको थियो ।

# आन्तरिक राजस्व कार्यालय दमौली उद्घाटन



**दिप प्रज्वलन गरी कार्यालय उद्घाटन गर्नुहुदैं मा. अर्थ मन्त्री डा. युवराज खतिवडा**

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूबाट मिति २०७५।०६।०४ गते एक समारोहका वीच आन्तरिक राजस्व कार्यालय, दमौलीको समुद्घाटन भएको छ । सो अवसरमा माननीय मन्त्रीज्यूले दमौलीमा आन्तरिक राजस्व कार्यालय स्थापना र उद्घाटन भएकोमा सवैलाई शुभकामना दिनुभयो । संघीयतामा करको सेवा कर तिर्ने नागरिकको नजिक पुर्याउने उद्देश्य अनुरूप कर कार्यालय स्थापना गरेको कुरा वताउदै सवै व्यवसायीहरूलाई कर सहभागिता जनाउन आग्रह समेत गर्नुभयो । कर कार्यालयले समेत करदातालाई सहज र सरल रूपमा सेवा प्रवाह गर्नुपर्ने कुरामा जोड दिनुभयो । माननीय अर्थमन्त्रीज्यूवाट सो अवसरमा विभिन्न ८ वटा सरकारी कार्यालयका प्रमुखहरूलाई स्थायी लेखानम्वरको प्रमाण पत्र समेत प्रदान गर्नुभयो । सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले आन्तरिक राजस्व कार्यालय, दमौलीको लागि सरकारी घर जग्गा व्यवस्थापनमा आवश्यक सहयोग पुर्याउनु हुने सवैमा हार्दिक धन्यवाद दिनुभयो । महानिर्देशक नेपालले सवै करदाता व्यवसायीहरूलाई आर्थिक ऐन, २०७५ ले दिएको छुट सुविधाको उपयोग गरी करको दायरमा आउन सबै संघ संस्थालाई आग्रह गर्नुभयो ।

सो कार्यक्रममा तनहुं जिल्लावाट प्रतिनिधि सभामा निर्वाचित सदस्यहरू क्रमश माननीय केदार सिग्देल र माननीय कृष्ण कुमार श्रेष्ठ (किसान) समेतले सम्वोधन गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति तनहुंका प्रमुख शान्ति रमण वाग्ले तथा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने र उद्योग वाणिज्य संघ तनहुंका अध्यक्ष मानकाजी श्रेष्ठ समेतले सम्वोधन गर्नुभयो । सो कार्यक्रममा उपस्थित सवैलाई आन्तरिक राजस्व कार्यालय, पोखराका प्रमुख कर अधिकृत केशव कुमार उप्रेतीले स्वागत गर्नुभएको थियो । कार्यक्रमकको संचालन आन्तरिक राजस्व कार्यलय दमौलीका निमित्त प्रमुख कर अधिकृत प्रदीप रेग्मीले गर्नुभएको थियो ।

# कर परीक्षण तथा अनुसन्धान सम्बन्धी तालिम सम्पन्न

आन्तरिक राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिमहरु संचालन गर्ने क्रममा आन्तरिक राजस्व विभागद्वारा अडिट तथा अनुसन्धान सम्बन्धी अभिमुखीकरण तालिम (Audit and Investigation Orientation Training) २०७५ भाद्र १७ गते देखि भाद्र २६ गतेसम्म संचालन गरिएको थियो । सो तालिममा आन्तरिक राजस्व विभाग र उपत्यका भित्र रहेका आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत शाखा अधिकृत तथा कर अधिकृतहरुको सहभागिता रहेको थियो ।

तालिमको उद्घाटन आन्तरिक राजस्व विभागका उपमहानिर्देशक बलराम रिज्यालले गर्नुभएको थियो । तालिम समापनको अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले तालिमले कर्मचारीहरुमा रहेको दक्षता अभिवृद्धि गर्दै कार्यक्षमतामा उल्लेखनीय सुधार ल्याउने विश्वास व्यक्त गर्दै तालिममा हासिल गरेको ज्ञान तथा सीपको सदुपयोग गरी गुणस्तरीय कार्य सम्पादन गर्न समेत निर्देशन दिनुभयो ।

## महानिर्देशक र कार्यालय प्रमुखहरूबीच...



विवरण ५० प्रतिशतभन्दा बढी, क्रेडिट विवरण ४५ प्रतिशतभन्दा कम र शून्य विवरण १ प्रतिशतभन्दा कम रहनुपर्ने गरी कार्य गर्नुपर्ने कुरा उल्लेख छ । त्यसैगरी आन्तरिक राजस्व कार्यालयहरूले आयकरको Non filer ३० प्रतिशतभन्दा कम र मू.अ.करको Non Filer १० प्रतिशतभन्दा कम रहने गरी कार्य गर्नुपर्ने उल्लेख छ । यस्तै मू.अ.करको डेबिट विवरण २० प्रतिशतभन्दा बढी, क्रेडिट विवरण ४५ प्रतिशतभन्दा कम र शून्य विवरण २५ प्रतिशतभन्दा कम रहने गरी कार्य गर्ने समेत उल्लेखित छ । यसका साथै आन्तरिक राजस्व कार्यालयहरूले पूंजीगत लाभकरको अनुसन्धान गरी कर निर्धारण- गर्ने परिसूचक समेत यस आ.व.मा थप गरिएको छ । वार्षिक लक्ष्य प्राप्तिका लागि कार्यालय प्रमुखहरू महानिर्देशकप्रति पूर्णरूपमा जवाफदेही हुनुपर्ने समेत सम्झौतामा उल्लेख छ । सम्झौतामा कार्यालयमा रहेका करदाता सेवा, कर संकलन, कर परीक्षण र अनुसन्धान शाखाले गर्नुपर्ने कार्यलाई विभाजन गरी हरेक कार्यलाई निश्चित भार समेत दिइएको छ ।

कार्यसम्पादन सम्झौता सम्पन्न भएपछि कार्यालय प्रमुखहरूलाई निर्देशन दिनुहुँदै महानिर्देशक विष्णुप्रसाद नेपालले राजस्व संकलनको लक्ष्य अत्यन्त चुनौतिपूर्ण रहेकोले लक्ष्य हासिल गर्न परम्परागत कार्यशैलीबाट माथि उठेर राजस्व संकलन हुनसक्ने सम्भावित क्षेत्रहरू खोजी गर्न जोड दिनु भयो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले**
**आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी**
**सूचना ।**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# मध्यमस्तरीय...



**कार्यक्रममा मन्तव्य राख्नुहुँदै सचिव डा. राजन खनाल**



**कार्यक्रममा मन्तव्य राख्नुहुँदै सचिव (राजस्व) शिशिर कुमार ढुङ्गाना**

कार्यालय स्थापना गरिएको स्मरण गर्दै करदाताहरुको कारोवारको आधारमा निजहरुलाई प्रदान गरिने सेवामा गर्नुपर्ने विशिष्टिकरणलाई ध्यानमा राखी मध्यमस्तरीय करदाता कार्यालय स्थापना गरिएको व्यहोरा उल्लेख गर्नुभयो। यस कार्यालयको कार्यक्षेत्र भित्र वार्षिक रु.४० करोडदेखि ८० करोडसम्म कारोबार (बैंक, वित्तिय संस्था, बीमा कम्पनी, मेडिकल कलेज, ट्राभल तथा ट्रेकिङ व्यवसाय र ठेक्कापट्टा व्यवसायको हकमा २५ देखि ८० करोड) गर्ने करदाताहरु पर्ने जानकारी गराउदै सो अनुसारको वार्षिक कारोबार हुने करदाताले यस कार्यालयमार्फत राजस्व दाखिला गर्ने एवं सेवा लिने प्रावधानका चर्चा गर्दै कर सहभागिता अभिवृद्धि गर्न तथा राजस्व प्रशासनको निपूर्णतालाई बढाउन कार्यालय स्थापना गरिएकोबारे प्रकाश पार्नुभयो ।

कार्यक्रमको प्रमुख अतिथि मा.अर्थमन्त्री डा. युवराज खतिवडाले मुलुकमा ३१ वटा मौलिक हक कार्यान्वयन गर्ने दायित्व राज्यको भएको र त्यसको कार्यान्वयन गर्ने आर्थिक श्रोत भनेको कर भएकाले, कर प्रशासनले प्रगतिशील, कानूनसम्मत र लगानीमैत्री कर प्रणाली, व्यवस्थित र सूचनामुखी अभिलेखाङ्कन र औपचारिक अर्थतन्त्रमा विश्वास राख्दै मूल्य अभिवृद्धि कर, आयकरका सम्बन्धमा व्यापारचक्रलाई आधार मान्नुपर्ने बताउनुभयो । सामाजिक सुरक्षा र करको दायरामा सबै नेपाली आउनुपर्ने कुरामा जोड दिदैं अर्थमन्त्री डा. खतिवडाले स्थानीय करका विषय कानून र मूल्य वृद्धिसँग आवद्ध रहने भन्दै उत्तम विवेकको प्रयोग गरी कर प्रशासनले मुस्कान सहितको सेवा दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा अर्थ सचिव डा. राजन खनालले मध्यमस्तरीय करदाता कार्यालयको स्थापना कर सुधारको दास्रो चरणको कार्यक्रमको विश्वव्यापी अभ्यासस्वरुप हामीले पनि लागू गरेको भन्दै करदाताको वर्गीकरणका आधारहरुमा कारोबारको सीमा, करको प्रकृति, कर्मचारी तथा कामदारको संख्या कर तिरेको अवस्था र सम्पत्तिको मूल्याङ्कनलाई लिइएको स्पष्ट पार्नुभयो ।

कार्यक्रमको सभाध्यक्ष गर्नुभएका सचिव (राजस्व) शिशिर कुमार ढुङ्गानाले अबको कर प्रशासन नगदविहीन र कागजविहीन हुनुपर्ने भन्दै असल अभ्यास व्यवहार कर प्रशासकबाट लागू गर्दै करदाताको प्रोफाइल तयार गरी कारोबारको विश्लेषण गर्नुपर्ने र आगामी दिनमा मध्यमस्तरीय करदाता कार्यालय उत्कृष्ट कार्यालयको रुपमा स्थापित हुन सकोस् भन्ने शुभकामना सहित समुद्घाटन कार्यक्रमको समापन गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्ल, नेपाल उद्योग परिसंघका उपाध्यक्ष कृष्ण प्रसाद अधिकारी र नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष किशोर कुमार प्रधानले समेत शुभकामना मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमको संचालन मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक झक्क प्रसाद आचार्यले गर्नुभएको थियो ।

# करदाता सेवा कार्यालय बिराटचोकको उद्घाटन



**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाबाट समुद्घाटन कार्यक्रममा मन्तव्य दिनुहुँदै ।**

माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यूबाट २०७५ साल भाद्र १८ गते करदाता सेवा कार्यालय बिराटचोक मोरङको समुद्घाटन भएको छ। कार्यालय उद्घाटनका अवसरमा सचिव (राजस्व) शिशिर कुमार ढुङ्गाना, आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णु प्रसाद नेपालका साथै ठूलो संख्यामा करदाताहरु र उद्योग वाणिज्य संघका पदाधिकारी लगायतको उपस्थिति थियो ।

करदाता सेवा कार्यालय बिराटचोकको कार्यक्षेत्र अन्तर्गत मोरङ जिल्लाको पुर्व पश्चिम राजमार्गसंग जोडिएका र सो राजमार्ग भन्दा उत्तर तर्फका पाँच वटा नगरपालिकाहरु क्रमशः उर्लावारी, बेलवारी, पथरी शनिश्चरे, लेटाङ्ग, सुन्दर हरैचा र तीन वटा गाउंपालिकाहरु क्रमशः कानेपोखरी, केरावारी, मिक्लाजुङ्ग रहेका छन् ।

कार्यक्रममा माननीय अर्थमन्त्री डा युवराज खतिवडाले करका विषयमा सामाजिक सञ्जालहरुमा नकरात्मक प्रचार प्रसार गरिएकोले यसलाई सबै तिरबाट चिर्दै जानु पर्ने र एकल विन्दुबाट कर उठाउने र दोहोरो कर भन्ने हुदै नहुने भन्दै सरकारले पहिलो पटक संघीय बजेट ल्याएकोले केही अन्योल भएको बताउनु भयो। देशको विकास र समृद्धिको लागि श्रोत चाहिन्छ र यसको लागि जनतामा कर तिर्ने बानी बसाउनु पर्ने बताउदै केन्द्र, प्रदेश र स्थानीय तहका विचमा साझा अधिकारका केही कुराहरुमा द्विविधा रहेकोले यसलाई हटाउदै जानु पर्ने बताउनुभयो ।

सो अवसरमा सचिव (राजस्व) शिशिर कुमार ढुंगानाले करको दायरा विस्तार गर्नुपर्ने कुरामा जोड दिंदै सबै करदातालाई कर कानुनको परिपालना गरी कर सहभागिता बढाउन समेत आव्हान गर्नु भयो । आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले यो उद्घाटन समारोहमा जस्तै हर्षोल्लासका साथ करमा सहभागिता जनाउनु पर्ने कुरामा जोड दिनुभयो ।

आन्तरिक राजस्व विभागका निर्देशक कमल भट्टराईले सञ्चालन गरेको यस कार्यक्रमको शुरुवातमा आन्तरिक राजस्व कार्यालय बिराटनगरका प्रमुख कर अधिकृत दिलिप कुमार गौतमले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । साथै कार्यक्रममा बोल्ने जनप्रतिनिधि तथा व्यवसायीका प्रतिनिधिहरुले करदाता सेवा कार्यालयको स्थापनाबाट व्यवसायीलाई सुविधा भएको र यस क्षेत्रका जनताहरु पनि खुशी भएको बताए ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

## रू. पैंतीस करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई विद्युतीय माध्यमबाट विजक जारी गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४ को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) अनुसार रु. पैंतीस करोड भन्दा बढी कारोबार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यबाट बीजक जारी गर्न तथा सोको अभिलेख राख्ने गरी तोकिएकोले अविलम्ब सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।



"व्यावसायिक र पेशागत मर्यादा कायम गरी कारोवार गरौं । "

# आन्तरिक राजस्व कार्यालय सुर्खेत उद्घाटन


ताम्रपत्र अनवरण गरी कार्यालय उद्घाटन गर्नुहुँदै सचिव (राजस्व) शिशिर कुमार ढुङ्गाना

नेपाल सरकारको मिति २०७५।०३।२० गतेको निर्णयानुसार सुर्खेत जिल्लाको विरेन्द्रनगरमा आन्तरिक राजस्व कार्यालय सुर्खेतको २०७५।०७।१६ गते सचिव (राजस्व) शिशिर कुमार ढुङ्गानाले एक समारोहका बीच उद्घाटन गर्नु भयो। कार्यालय स्थापना भए संगै कर सम्बन्धी सम्पूर्ण सेवाहरू सुर्खेतबाटै हुने र यस क्षेत्रका करदातालाई सेवा लिन नेपालगञ्ज धाउनुपर्ने वाध्यता हटेको छ । यस कार्यालयको कार्य क्षेत्रमा कर्णाली प्रदेशको सल्यान र रूकुम पश्चिम जिल्ला वाहेकका ८ जिल्ला रहेका छन् ।

कार्यक्रममा सम्वोधन गर्दै सचिव (राजस्व) ढुङ्गानाले करको दर भन्दा करको दायरा विस्तार गर्नु सरकारको मुख्य उद्देश्य रहेको वताउनुहुदै करको दायरामा रही लगानी गर्न सबैमा आह्वान समेत गर्नुभयो ।

सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले करको सम्बन्धमा नागरिक शिक्षा तथा जनचेतना बढाउनु आन्तरिक राजस्व कार्यालय, सुर्खेतको उद्देश्य रहने उल्लेख गर्दै समयमै कर तिर्न सबैलाई आग्रह गर्नुभयो । सो समारोहलाई सुर्खेतका प्रमुख जिल्ला अधिकारी वीरेन्द्र कुमार यादव, प्रदेश उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशका अध्यक्ष पदम बहादुर शाही लगायत अन्य महानुभावहरूले समेत सम्वोधन गर्नु भएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको
## सूचना

आर्थिक विधेयक, २०७५ बाट तपसिल बमोजिमको छुट सुविधा सम्बन्धी व्यवस्था २०७५।०२।१५ देखि नै लागू भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र दिइएका छुट तथा सुविधाहरुको उपयोग गरी लाभान्वित हुन अनुरोध गरिन्छ।

१. **करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा:**
बिगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गर्ने व्यक्तिले त्यसरी आर्जित आयमा कर नबुझाएको भए २०७५ साल पौष मसान्तसम्म स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने र सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने।

२. **आय बिवरण बुझाउने करदातालाई कर, शुल्क तथा ब्याज मिन्हा:**
स्थायी लेखा नम्बर लिई कारोबार गरी रहेका तर आर्थिक बर्ष २०७२/०७३ वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने।

३. **मूल्य अभिबृद्धि कर बिवरण बुझाउने करदातालाई जरिवाना, थपदस्तुर र ब्याज मिन्हा:**
सम्बत २०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफुले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर रकम सम्बत २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने तर उक्त अवधि भित्र पनि यो सुविधा उपयोग नगर्ने करदाताहरुमध्ये सम्वत् २०७१ साल असारसम्मको वा सो भन्दा अघिदेखि कर विवरण पेश नगर्ने करदाताहरुको कार्यालयबाट दर्ता खारेज गरिने।

४. **मूल्य अभिबृद्धि कर छुट तथा मिन्हा:**
निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागि स्वयंले सञ्चालन गरेका चमेना गृह (क्यान्टिन) र छात्रावास (होस्टेल) सेवा तथा धितोपत्र दलाल सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्थालाई खारेज गरी यस सम्बन्धमा कार्यालयबाट कर निर्धारण भई तिर्न बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको जरिवाना, थप दस्तुर र ब्याज मिन्हा भएको।

# करदाता सेवा कार्यालय कावासोती उद्घाटन

नेपाल सरकारको मिति २०७५।३।२० को निर्णयानुसार नवलपुर जिल्लाको कावासोतीमा करदाता सेवा कार्यालयको स्थापना भएको छ। उक्त कार्यालयको मिति २०७५।०६।०७ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट समुद्घाटन सम्पन्न भयो। उद्घाटन मन्तव्यमा डा. खतिवडाले सबै करहरु एक ठाउँबाट उठाउने सरकारको नीति अनुरुप करदाताहरुले एक ठाउँमा मात्र कर तिर्ने र सो करको भागबण्डा तीनै तहका सरकारमा हुने भनाई राख्नु भयो । कार्यक्रममा नवलपुर उद्योग वाणिज्य संघका अध्यक्ष डासुराज पोखरेलले नवलपुर क्षेत्रमा आन्तरिक राजस्व कार्यालय नहुँदा करदाताहरु बुटवल र भरतपुर जानु परेकोमा अब सहज हुने बताउनुभयो । त्यसैगरी प्रतिनिधि सभा सदस्य माननीय तिलक महत, जिल्ला समन्वय समिति नवलपुरका प्रमुख



माननीय अर्थमन्त्रीज्यूबाट रिवन काटेर कार्यक्रम उद्घाटन गर्नुहुँदै

चेशराम आले, कावासोती नगरपालिकाको प्रमुख चन्द्रकुमारी पुन, प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाल लगायतले सम्बोधन गर्नु भएको थियो । समापन मन्तव्यमा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णु प्रसाद नेपालले आर्थिक गतिविधि र करदाता संख्याको आधारमा यो सेवा कार्यालयलाई छिट्टै आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नति गर्न सकिने बताउनु भयो। उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, भरतपुरका प्रमुख कर अधिकृत श्री थानप्रसाद पंगेनीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

# करदाता सेवा कार्यालय मलंगवाको उद्घाटन

करदाता सेवा कार्यालय मलंगवाको समुद्घाटन मिति २०७५।०५।१७ गते एक समारोहबीच माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट सम्पन्न भएको छ । समारोहमा अर्थ मन्त्रालयका सचिव (राजस्व) शिशिर कुमार ढुङ्गाना, आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल, आन्तरिक राजस्व कार्यालय जनकपुरका प्रमुख कर अधिकृत कृष्ण प्रसाद मैनाली, आन्तरिक राजस्व विभागका निर्देशक कमल कुमार भट्टराई लगायत सर्लाही जिल्लाका उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, व्यवसायीहरू, पत्रकारहरू, विभिन्न सरकारी कार्यालयका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।




ताम्रपत्र अनवरण गरी कार्यालय उद्घाटन गर्नुहुँदै मा. अर्थ मन्त्री डा. युवराज खतिवडा

लामो समयदेखि कर बुझाउनकै लागि जनकपुर धाउनु परेकोमा अब आफ्नै जिल्लामा करदाता सेवा कार्यालय स्थापना भएकाले सेवाग्राहीहरूले खुसी व्यक्त गरे ।

# करदाता सेवा कार्यालय लुक्लाको उद्घाटन

मिति २०७५।०६।२८ गते सोलुखुम्बु जिल्लाको लुक्लामा करदाता सेवा कार्यालयको समुद्घाटन सम्पन्न भएको छ। आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र गाउँपालिका अध्यक्ष डिम दोर्जी शेर्पाले संयुक्त रुपमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नु भयो ।

महानिर्देशक नेपालले समुद्घाटन समारोहलाई सम्वोधन गर्ने क्रममा करदाता सेवा कार्यालय लुक्ला स्थापनाका लागि पहल गर्ने सरोकारवाला पक्षलाई धन्यवाद ज्ञापन गर्नुभयो । त्यसै गरी कार्यालयको स्थापना पछि खुम्बुवासीलाई कर सम्बन्धी सेवा प्राप्त गर्न सहज हुने र आन्तरिक राजस्वमा लुक्ला क्षेत्रले ठूलो योगदान गर्ने अपेक्षा गर्दै करदाता सेवा कार्यालयको आफ्नै भवन निर्माणको लागि आफुले पहल गर्ने तथा गाउँपलिका तर्फबाट सो सम्बन्धमा आवश्यक सहयोगका लागि आग्रह समेत गर्नु भयो ।




दिप प्रज्वलन गरी कार्यालय उद्घाटन गर्नुहुदैं महानिर्देशक र गाउँपालिका अध्यक्ष

गाउँपलिकाका अध्यक्ष र उपाध्यक्षले मन्तव्य प्रकट गर्दै कार्यालय स्थापनाको लागि आफुहरुले गरेको पहललाई सार्थकता प्रदान गर्ने नेपाल सरकार, अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागलाई धन्यवाद दिनु भयो । कर तिर्नको लागि तिर्नु पर्ने कर भन्दा वढी खर्च गरेर आन्तरिक राजस्व कार्यालय लहान सम्म जानु पर्ने समस्याको अब अन्त्य भएकोमा खुसी व्यक्त गर्नुभयो । त्यसै गरी उपाध्यक्ष टासी ल्होमु शेर्पाले कार्यालयको स्थापनासँगै व्यवसायीको कर लागतमा न्यूनीकरण भई आगामी दिनमा खुम्बु क्षेत्रले राजस्वमा अझ बढी योगदान गर्ने विश्वास दिलाउनु भयो ।

कार्यक्रममा विभिन्न निकायका पदाधिकारी तथा करदाताहरुको उपस्थिति रहेको थियो भने कार्यक्रमको संचालन विभागका निर्देशक कमल कुमार भट्टराईले गर्नु भएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. विहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ । अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौ । कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

# कर व्यवस्थापन समुह (Tax Management Team-TMT) का बैठकहरु सम्पन्न

चालु आर्थिक वर्ष २०७५/७६ को भाद्र आश्विन र कार्तिक महिनाका देहाय बमोजिम विभिन्न मितिमा बसेका कर व्यवस्थापन समुह (TMT) का बैठकहरुमा विभिन्न विषयहरुमा छलफल गरी निर्णयहरु गरिएका छन् । बैठकमा गरिएका छलफलका मुख्य विषयहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।



बैठकका सहभागी हुँदै कर परिवारका सदस्यहरु

## बैठकका प्रस्ताव तथा निर्णयहरु:

| मिति | बैठकका प्रस्ताव तथा निर्णयहरु |
|---|---|
| २०७५।०५।०४ | १. चालु आर्थिक वर्ष २०७५।७६ को लागि विभागको वार्षिक व्यावसायिक कार्ययोजना छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २०७५।०५।१४ | १. चालु आर्थिक वर्ष २०७५।७६ को लागि प्रस्तावित कार्यमूलक परिसूचकहरूको विषयमा छलफल गरी अन्तिम रुप प्रदान गरियो ।<br>२. विभिन्न कार्यालयहरूमा सार्नु पर्ने करदाताका फाइलहरूको सम्बन्धमा सम्बन्धित कार्यालय र कर्मचारीहरूबाट प्रगति विवरण लिई सोउपर छलफल गरि शीघ्र अभिलेख राखी हस्तान्तरण गर्ने र सो को प्रतिवेदन विभागमा पेश गर्ने निर्णय गरियो ।<br>३. कार्यालयहरूले गरेका बजार अनुगमनको प्रगति विवरण लिई सो उपर छलफल गरियो । |
| २०७५।०५।२५ | १. आयकरतर्फ संशोधित कर निर्धारण आदेश प्रविष्टि तथा आयकरको ATR सम्बन्धमा सफ्टवेयर निर्माता कम्पनीबाट जानकारी लिई छलफल गरियो ।<br>२. RAS र RMIS बीचको प्राविधिक समस्याले गर्दा राजस्व असूली विवरण यथार्थपरक बनाउनु पर्ने विषयमा छलफल गरियो । |
| २०७५।०६।०२ | १. काठमाडौं उपत्यकास्थित ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालयहरूका प्रमुखबाट भाद्र महिनामा गरिएको बजार अनुगमनको प्रगति लिने र चुनौति र अवलम्बन गर्नुपर्ने कार्यनीतिको विषयमा छलफल गरियो । |
| २०७५।०६।२२ | १. काठमाडौं उपत्यकास्थित ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालयका प्रमुखहरूबाट सातौं राष्ट्रिय कर दिवसको अवसरमा आयोजना गरिने विविध कार्यक्रमहरूको विषयमा छलफल गरियो । |


"कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं ।"

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

# Steering Committee को बैठक सम्पन्न

जर्मन सहयोगमा संचालित GIZ RAS परियोजनाको Steering Committee को बैठक वि.सं. २०७५ कार्तिक २० गते सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका तर्फबाट महानिर्देशक विष्णुप्रसाद नेपाल, उपमहानिर्देशकद्वय बलराम रिज्याल र यज्ञ प्रसाद ढुंगेल तथा निर्देशकद्वय महाराज कोइराला र सम्झना बरालको सहभागिता थियो भने GIZ RAS परियोजनाको तर्फबाट प्रमुख प्राविधिक सल्लाहकार (Chief Technical Adviser) David Davidson सहित ३ जनाको सहभागिता थियो । उक्त बैठकमा आगामी तीन वर्षमा GIZ RAS परियोजनाले आन्तरिक राजस्व विभागको क्षमता अभिबृद्धि, सूचना प्रविधि प्रणालीको सुधार, विभिन्न निर्देशिकाहरूका तयारी एवं परिमार्जन र करदाता सेवा तथा शिक्षाका क्षेत्रमा प्रदान गर्न सकिने क्षेत्रहरू पहिचान गरी सहयोग परिचालन गर्ने विषयमा छलफल भयो । त्यसैगरी परियोजनाको सहयोगमा स्थापना गरिएको Call Center को हस्तान्तरण, विभागको लागि आवश्यक पर्ने तालिम प्रयोगशाला (Training Lab) को स्थापना तथा विभागको सूचना प्रविधि नीति तयार गर्ने सम्वन्धमा समेत छलफल गरियो । कार्यक्रमको अन्त्यमा आन्तरिक राजस्व बिभागका महानिर्देशकले GIZ RAS परियोजनाले हालसम्म गरेको सहयोगको लागि परियोजनालाई धन्यवाद दिदै आगामी दिनमा पनि विभागको उत्पादक क्षेत्रमा परियोजनाको सहयोग परिचालन गर्ने तर्फ ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो ।

## संयुक्त कार्यशाला गोष्ठी (Joint Planning Workshop) सम्पन्न

Nepali-German Revenue Administration Support (RAS Project) को एकदिने संयुक्त कार्यशाला गोष्ठी (Joint Planning Workshop) काठमाडौंमा सम्पन्न भएको छ । वि.सं. २०७५ भाद्र २९ गते (14 September 2018) आयोजना गरिएको उक्त कार्यशाला गोष्ठीमा आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयका पदाधिकारीहरु तथा RAS का प्राविधिक सल्लाहकारहरु समेतको सहभागिता रहेको थियो ।

कार्यशालाको प्रमुख उद्देश्य आयोजनाको समग्र उपलब्धि (Outputs) तथा सूचक (Indicators) मा आधारित रहेर आयोजना संचालनको खाका तयार गर्नुका साथै आयोजना अवधिभर संचालन गरिने गतिविधिहरु तय गर्नु रहेको थियो । आन्तरिक राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरी राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने उद्देश्यका साथ संचालित RAS Project द्वारा आयोजित यस कार्यशालाको पहिलो चरणमा शुभारम्भ तथा स्वागत मन्तव्य प्रस्तुत गर्नुहुदै आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले German Development Cooperation (GDC) ले नेपालको कर सुधारको क्षेत्रमा पुर्‍याएको योगदानको सम्बन्धमा चर्चा गर्दै नयाँ संघीय व्यवस्थामा कर प्रशासनको स्पष्टता र थप अध्ययनको आवश्यकतामा जोड दिनुभयो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभागको**

**सूचना**

आर्थिक बिधेयक, २०७५ बाट मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा संशोधन गरी ईटा उत्पादन, मदिरा डिष्ट्रिब्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने ब्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका क्षेत्र भित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज थेरापी, ब्यूटीपार्लर, क्याटरिङ् सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटिङ् सर्टिङ्को सामान सहितको टेलरिङ् व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने ब्यक्तिलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गराउने ब्यवस्था लागू गरेकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित सूचना बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

# विद्युतीय माध्यमबाट राजस्व दाखिला एक जानकारी

रमेश सुबेदी

## १. पृष्ठभूमि

हामीलाई दैनिक रुपमा आवश्यक पर्ने खाद्य पदार्थ, शिक्षा, स्वास्थ्य, यातायात, मनोरन्जन लगाएतका बस्तु तथा सेवाको उपयोग गर्दा हामीले बस्तु तथा सेवा प्रदायकलाई सो उपभोगको मूल्य तिर्नु पर्ने हुन्छ। प्राचिन समयमा यस्ता बस्तु तथा सेवाको खरिद बिक्री प्रकृया साटासाटको माध्यमबाट हुने गर्दथ्यो । समयको परिवर्तन एवं ब्यापार ब्यावसायमा भएको विकास सँगसँगै मुद्राको प्रचलन शुरुवात भएको हामी सबैलाई विदितै छ । आजको युगमा कारोबारहरुको भौगोलिक सीमाना रहेन जसले गर्दा Borderless Transaction को अबधारणा एवं विद्युतीय कारोबारको शुरुवात भएको पनि निकै समय भै सकेको छ । यसरी हुने कारोबारहरुको भुक्तानीलाई पनि विद्युतीय माध्यमबाट गरी Cash Less Transaction को प्रयोग विकसित मुलुकमा हुन थालेको पनि धेरै भै सकेको छ ।

विद्युतीय भक्तानी भन्नाले "कुनै वस्तु वा सेवाको उपयोग गरेवापत गर्नु पर्ने भुक्तानी उपयोगकर्ता भएको स्थानबाटनै बस्तु तथा सेवा प्रदायकलाई विद्युतीय माध्यमबाट गरिने भुक्तानीलाई बुझिन्छ"। यसरी गरिने भुक्तानी व्यापारी समूह (विक्रेता र क्रेता बीच) सरकारी कार्यालयमा तिर्नु बुझाउनु पर्ने शुल्क, दस्तुर, कर आदिमा समेत प्रयोग हुन थालेको छ ।

यसै सन्दर्भमा नेपाल सरकारले पनि विगत वर्ष देखि नै विद्युतीय भुक्तानीको आरम्भ गर्ने विषयलाइ प्राथमिकतामा राखिएको थियो। आन्तरिक राजस्व विभागले पनि केही समय अगाडिदेखि नै राजस्व संकलन गर्न विद्युतीय माध्यमलाई उपयोग गर्ने लक्ष्य राखी गृहकार्य गरिरहेको थियो । नेपाल सरकारले हाल e-payment Gateway नभएको अवस्थामा पनि स्वदेश भित्र हुने भुक्तानी वा राजस्व संकलनलाई विद्युतीय भुक्तानी शुरुवात गर्ने सोच अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजस्व विद्युतीय प्रणालीद्वारा व्यवस्थित गरी सरल सुरक्षित र लागत प्रभावी बनाउन मिति २०७५ असोज १ गतेदेखि करदाताहरुले विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्न सक्ने (e-payment) प्रणाली कार्यान्वयनमा ल्याएको छ।

यस सन्दर्भमा विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्ने विषयमा हाम्रो लागि नविन प्रयोगको थालनी भएको हुँदा यस विषयमा प्रक्रियागत चरणहरु सहितको जानकारी राख्ने प्रयत्न गरेको छु।

विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्दा देहाय अनुसारको प्रकृया अपनाउनु पर्दछ।

## २. विद्युतीय माध्यमको प्रयोग विधि र चरणहरु

आन्तरिक राजस्व कार्यालयहरुबाट विवरणहरु स्वयं रुजु (Self Verification) गर्ने Username र Password प्राप्त गरेका करदाताहरुले मात्र यो सेवा प्रयोग गर्न सक्नुहुनेछ । नेपाल सरकारले payment Service Provider को रुपमा तोकेको Nepal Clearing House Limited को ConnectIPS बाट online Registration गरी Username र Password प्राप्त गरी बैंक खातालाई आबद्ध गरेपछि मात्र विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिने छ।

**विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न निम्नानुसारको प्रकृया अवलम्बन गर्न सकिने छ।**

१. आन्तरिक राजस्व विभागको वेबसाइट www.ird.gov.np मा क्लिक गर्ने,
२. Taxpayer Portal मा क्लिक गरी Integrated Tax System भित्रको General मा डबल क्लिक गर्ने,
३. General भित्र रहेको Taxpayer Login मेनुमा क्लिक गर्ने,
४. आफ्नो User Credential प्रयोग गरी Login गर्ने ,
५. त्यस पछि Proceed To Payment भन्ने लिङ्कमा क्लिक गर्ने,

६. भौचरका विवरणहरु प्रबिष्ट गरी भौचर संकेत नम्बर (Revenue Payment को Request Slip) श्रृजना गर्न देहायका प्रकृया अवलम्बन गर्ने,

- आफूले दाखिला गर्न चाहेको राजस्व प्रकार जस्तै आयकर, मूल्य अभिबृद्धि कर, अन्तशुल्कः, अन्य ( शिक्षा सेवा शुल्क, स्वास्थ्य जोखिम कर) छनौट गरी सोसँग सम्बन्धित राजस्व शीर्षकहरु (जस्तै ११११११, ३३११३), आय बर्ष (जस्तै २०७५.०७६), के बापतको राजस्व दाखिला गर्न लागेको (जस्तै कर विवरण, कर निर्धारण, शुल्क आदि) समेत छनौट गरी दाखिला गर्न चाहेको रकम उल्लेख गर्ने,

  आयकर छनौट गरेको भए TDS हो वा होइन भन्ने अप्सनमा गई TDS हो भने "हो" र होइन भने "होइन" भन्ने अप्सन छनौट गर्ने,
- Add बटनमा क्लिक गरी एउटा राजस्व शीर्षकमा दाखिला गर्ने भौचर बिवरण तयार गर्ने,
- एकै पटकमा बिभिन्न शीर्षकमा राजस्व दाखिला गर्न चाहेमा अन्य शीर्षकको पनि यसै गरी भौचर विवरण तयार गर्ने,

स्थायी लेखा नम्बर (PAN) भएको कार्यालयको (ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय) राजस्व संकलन गर्ने बैंक सूचीबाट आफूलाई राजस्व दाखिला गर्न उपयुक्त हुने बैक छनौट गर्ने,

Generate Transaction Code बटनमा क्लिक गरी भौचर संकेत नं. सहितको Request Slip तयार गर्ने र Request Slip मा भएको राजस्व शीर्षक, रकम र आर्थिक बर्षको विवरणहरु हेरी Confirm Button मा क्लिक गर्ने,

यसरी तयार भएको भौचर संकेत नम्बर सहितको राजस्व दाखिला गर्ने Request Slip प्रिन्ट गरी राजस्व दाखिला हुने बैकको जुन सुकै शाखामा गई राजस्व दाखिला गर्न सकिनेछ ।

**३. विद्युतीय माध्यमबाट सोझै राजस्व भुक्तानी e-payment गर्दा निम्नानुसारको प्रकृया अपनाउनुपर्दछ ।**

* Make Payment Button मा क्लिक गरी Payment Processor छनौट गर्ने मा क्लिक गर्ने ConnectIPS मा Login गर्ने ।

*यदि ConnectIPS को Username र Password छैन भने निम्नानुसार गर्ने,

www.connectips.com मा क्लिक गरी Sign UP मा क्लिक गर्ने ,

User Name, Password, Mobile No, email लगाएतका विवरणहरु भरी Username बनाउने,

User Create गर्दा राखेको मोवाइल नं र इमेल ठेगानामा प्राप्त हुने Code राखी विवरण Account Verification गर्ने,

बैंक खाता लिंक गर्न Link Bank Account मा गई बैंक खाताको विवरणहरु भरी उक्त विवरण सहितको फाराम डाउनलोड गर्ने,

अब बैंकको सम्बन्धित शाखामा गई बैंक खाता लिंकको Verify गराउने,

*राजस्व दाखिला गर्ने बैंक खाता (Debit Account) छनौट गरी Submit Button मा क्लिक गर्ने ।

*नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (NCHL) ले Payment Verification को लागि तपाईको रजिष्टर्ड Mobile Number र email account मा OTP (One Time Password) पठाउँछ । उक्त OTP Number टाइप गरी Confirm Button मा क्लिक गरिसकेपछि तपाईको खाताबाट रकम Debit भएको खण्डमा Debit Success पेज देखा पर्दछ र Request Slip मा देहाय अनुसारको Debit Success Status देखा पर्दछ ।

*[तपाईंको डेबिट कारोबार सफलतापूर्वक सम्पन्न भएको छ । राजस्व खातामा रकम जम्मा भइसकेपछि उक्त विवरण केही मिनेटमा अद्यावधिक भएको देखिने छ । भौचर प्रिन्ट गरी सेवा लिन कार्यालय जान सक्नुहुनेछ]*

* यसरी Debit Success भएको कारोबारको राजस्व दाखिला महालेखा नियन्त्रक कार्यालयको नाममा भएको बैंकको खातामा जम्मा भएपछि राजस्व दाखिलाको Credit Success Status देखा पर्दछ । सो को लागि करिब ५ मिनेट समय लाग्दछ)
* पुरानो Payment को Request को Status निम्नानुसार प्राप्त हुनेछ ।Pending -> Payment not initiated, In Progress -> Debited from Taxpayer's account, Completed -> Credited to FCGO Account
* यसरी तपाईले विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सक्नुहुनेछ ।

**४. कर विवरण र सोको विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न निम्नानुसारको प्रकृया अवलम्बन गर्न सकिने छ ।**

१. आफुले दाखिला गर्न चाहेको कर विवरणहरु मूल्य

अभिबृद्धि कर को मासिक कर विवरण, आयकर तर्फको (जस्तै अनुमानित आय विवरण, डे-१, डे-२, डे-३, डे-४, विवरणहरु) अन्तः शुल्क तर्फको इजाजत थप तथा नविकरण आदि विवरणको फारमहरु भरी दाखिला गर्दा Submit Button or Finalized Button मा क्लिक गरी माथि बुदा नं. ३ र ४ मा उपलब्ध भए अनुसारको विधिहरु प्रयोग गरी विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिन्छ ।

**५. फाइदाहरु**

१. करदाताले आन्तरिक राजस्व विभागको Taxpayer Portal बाट भौचरहरु तयार गरी बैंकमा गएर राजस्व दाखिला गर्दा उक्त भौचरहरु बैंकले सिधै प्रयोग गरी राजस्व बुझ्न सक्ने हुदाँ समयको बचत भै लाइनमा समेत बस्न नपर्ने हुन सक्छ ।

२. Taxpayer Portal बाट तयार गरेको भौचरमा करदाताहरुको विवरण गल्ती भै सच्चाउनु पर्ने समस्या नहुने ।

३. विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्दा बैंकमा लाइन बस्ने बैंकसम्म जाने समयको बचत भै करदाताले आफ्नो कार्यालय वा घरबाट जुनसुकै समयमा पनि राजस्व दाखिला गर्न सकिन्छ ।

४. विद्युतीय माध्यमबाट राजस्व दाखिला गरी सम्बन्धित राजस्व कार्यालयहरुबाट तत्काल सेवा लिन सकिन्छ ।

**६. अन्त्यमा**

कारोबारको भुक्तानी विद्युतीय माध्यमबाट (e-payment) गर्दा National Payment Gateway अपरिहार्य हुन्छ । नेपालमा हालसम्म National Payment Gateway संचालनमा आई नसकेको अवस्थामा सबै बैंकहरुको Cheque Clearing गर्दै आएको नेपाल क्लियरीङ्ग हाउस लिमिटेड (NCHL) लाई Payment Service Provider रुपमा मान्यता दिई आन्तरिक रुपमा हुने विद्युतीय भुक्तानीहरुलाई मान्यता दिदै (E-Payment) संचालनमा आएको छ । सेवाग्राहीले देश तथा विदेशबाट पनि आफूले उपयोग गर्ने बस्तु तथा सेवा खरिद गरी विद्युतीय रुपमा भुक्तानी गर्न सक्ने ब्यवस्था चाडै नै संचालनमा आउने आशा राखी हाल उपलब्ध भएको NCHL को ConnectIPS सेवाको प्रयोग गरी विद्युतीय माध्यमबाट (e-payment) राजस्व भुक्तानी तथा राजस्व संकलन गरेर यो सेवालाई अझ ब्यवस्थित गराउने कार्यमा सबै सरोकारवालाको सक्रिय सहभागीताको अपेक्षित छ ।

***(लेखक आन्तरिक राजस्व विभागमा सूचना प्रविधि अधिकृत पदमा कार्यरत हुनुहुन्छ)***

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

लाजिम्पाट, काठमाडौंको

**मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्काले जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

## नेपाल सरकार
# अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
## विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने तरिका सूचना

| सि.नं. | के गर्ने | कहाँबाट गर्ने |
|---|---|---|
| १. | www.ird.gov.np मा जाने | Inland Revenue Department (NP) https://ird.gov.np |
| २. | Taxpayer portal मा क्लिक गर्ने | Services Taxpayer Portal |
| ३. | General लाई Expand गरी Taxpayer Login मा क्लिक गर्ने | General<br>Taxpayer Login |
| ४. | Taxpayer Login गर्न आवश्यक User Credential प्रयोग गरी login गर्ने | स्थायी लेखा नम्बर : 303766436<br>प्रयोगकर्ताको नाम : 303766436<br>पासवर्ड : •••••••<br>Login Cancel |
| ५. | Proceed To Payment मा क्लिक गर्ने | Transactions \| ATR \| Proceed To Payment |
| ६. | राजस्व दाखिला गर्ने कार्यालयको सम्बन्धित बैंक छनौट गर्ने | रकम जम्मा हुने बैंक छान्नुहोस * : Everest Bank [11009] |
| ७. | दाखिला गर्ने राजस्व आयकरको किसिम छनौट गर्ने | सि.न. करको प्रकार<br>1 आय कर |
| ८. | राजस्व शीर्षक छनौट गर्ने | राजस्व शीर्षक<br>11123 ( आय कर - प्रा. लि |
| ९. | के वापतको भुक्तानी हो सो छनौट गर्ने | बापत<br>अग्रीम कर कट्टी |
| १०. | दाखिला गर्ने रकम उल्लेख गर्ने | राजस्व रकम<br>100000 |
| ११. | आय वर्ष छनौट गर्ने | आर्थिक बर्ष<br>2075/076 |
| १२. | आयकर भए टिडिएस हो वा होइन अप्सन छनौट गर्ने | कैफियत<br>टि. डि. एस. छान्नुहोस<br>हो |
| १३. | Generate Transaction Code मा क्लिक गर्ने | GENERATE TRANSACTION CODE |
| १४. | यसरी तयार भएको भौचर प्रिन्ट गरी बैंकमा गई राजस्व दाखिला गर्ने (नगद वा चेक मार्फत भुक्तानी गर्नेको हकमा मात्र) | |
| १५. | विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने Make Payment मा क्लिक गर्ने | Make payment |
| १६. | उपलब्ध Payment Processor को छनौट गर्ने, (हाललाई ConnectIPS) | रकम भुक्तानीको विकल्पहरु<br>connect IPS<br>रकम भुक्तानी गर्नुहोस क्यान्सल गर्नुहोस् |
| १७. | ConnectIPS मा Login गर्ने | Username<br>Type the characters in the image<br>Return Sign In |
| १८. | दाखिला गर्ने राजस्व रकमको पुन रुजु गर्ने | |
| १९. | कुन बैकबाट रकम कट्टा हुने हो सो बैक छनौट गरी Submit मा क्लिक गर्ने | ACCOUNT DETAILS<br>Debit Account : ramesh.subedi - 0[redacted]<br>Submit |
| २०. | NCHLले उपलब्ध गराएको OTP (One Time Password) टाइप गरी Ok गर्ने | PASSWORD<br>One Time Password : One Time Password<br>Re-generate |
| २१. | अब तपाईको भुक्तानी सफल भयो भनेर Debit Success को Page देखा पर्दछ। | STATUS : SUCCESS |
| २२. | यसरी Debit Success भएको कारोबारको राजस्व दाखिला महालेखा नियन्त्रक कार्यालयको नाममा भएको बैंकको खातामा जम्मा भएपछि राजस्व दाखिलाको Credit Success Status देखा पर्दछ। सो को लागि हाललाई करिब ५ मिनेट समय लाग्दछ) | |


आफुले दाखिला गर्न चाहेको कर विवरणहरु मूल्य अभिबृद्धि करको मासिक कर विवरण, आयकर तर्फको (जस्तै अनुमानित आय विवरण, D-01,D-02, D-03, D-04, विवरणहरु) अन्त: शुल्क तर्फको इजाजत थप तथा नविकरण आदी विवरणको फारामहरु भरी दाखिला गर्दा Submit Button or Finalized Button मा क्लिक गरी माथी उल्लेख भए अनुसारको विधिहरु प्रयोग गरी विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिन्छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## आफैले E-TDS को User ID तथा Password सृजना गर्ने र Password Reset गर्ने तरिका सम्बन्धी सूचना

**आन्तरिक राजस्व विभागको मा Website, www.ird.gov.np जाने**
**Taxpayer Portal मा Click गर्ने । Taxpayer Portal मा भएको E-TDS Click गर्ने ।**


### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Password : 123456789
Confirm Password : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com (It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं) 123456789
प्रयोग कर्ताको नाम 123456789
पासवर्ड ******

### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com
(It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं): 123456789
प्रयोग कर्ताको नाम: 123456789
पासवर्ड: ******


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
बलराम रिज्याल
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।